**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ अक्टुबर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि गुजरातको तीन दिवसीय भ्रमणमा रहनुहुनेछ। भोलि राष्ट्रपतिले सोमनाथ मन्दिरको भ्रमण साथै मन्दिरमा आरती पनि गर्नुहुनेछ।

- प्रधानमन्त्री नरेन्द्र मोदी र ब्रिटेनका प्रधानमन्त्री केयर स्टारमरले आज मुम्बईमा वार्ता गर्नुहुनेछ। वार्ताका क्रममाए दुई प्रधानमन्त्रीहरूले भारत-ब्रिटेन व्यापक रणनीतिक साझेदारीका विभिन्न पक्षहरूमा छलफल गर्नुहुनेछ।

- भाइब्रेन्ट गुजरात क्षेत्रीय शिखर सम्मेलन आजदेखि गुजरातको मेहसानामा शुरू हुँदैछ।

- केन्द्रीय शिक्षा तथा पूर्वोत्तर क्षेत्र विकास राज्य मन्त्री डा. सुकान्त मजुमदारले पश्चिम बङ्गालको हिज बाढी प्रभावित क्षेत्रको निरीक्षण गर्नु भयो

- आइसीसी महिला एकदिवसीय क्रिकेट विश्वकपमा आज भारतले दक्षिण अफ्रिकाको सामना गर्नेछ।

**राष्ट्रपति दौरा**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि गुजरातको तीन दिवसीय भ्रमणमा रहनुहुनेछ। भोलि राष्ट्रपतिले सोमनाथ मन्दिरको भ्रमण साथै मन्दिरमा आरती पनि गर्नुहुनेछ। उहाँले गिर राष्ट्रिय निकुञ्जको पनि भ्रमण गर्नुहुनेछ अनि सासन गिरमा स्थानीय जनजातीय समुदायसँग अन्तरक्रिया पनि गर्नुहुन्छ।शनिबार, राष्ट्रपतिले द्वारकाको द्वारकाधीश मन्दिरमा दर्शन र आरती गर्नुहुनेछ। उहाँले अहमदाबादमा गुजरात विद्यापीठको ७१ औं दीक्षान्त समारोहमा पनि भाग लिनुहुनेछ।

**मोदी /स्टारमर**

प्रधानमन्त्री नरेन्द्र मोदी र ब्रिटेनका प्रधानमन्त्री केयर स्टारमरले आज मुम्बईमा वार्ता गर्नुहुनेछ। ब्रिटेनका प्रधानमन्त्री भारतको दुई दिवसीय भ्रमणमा हिजो मुम्बई आइपुग्नु भएको थियो। श्री स्टारमरको सँग ब्रिटेनको एउटा ठूलो व्यापारिक प्रतिनिधिमण्डल पनि भारत आएको छ।वार्ताका क्रममा, दुई प्रधानमन्त्रीहरूले भिजन २०३५ सँग मिल्दोजुल्दो भारत-ब्रिटेन व्यापक रणनीतिक साझेदारीका विभिन्न पक्षहरूमा छलफल गर्नुहुनेछ। भिजन २०३५ ले व्यापार र लगानी, प्रविधि र नवप्रवर्तन, रक्षा र सुरक्षा, जलवायु र ऊर्जा, स्वास्थ्य र शिक्षा, र जनता-जनता सम्पर्कमा पहलहरू कार्यान्वयन गर्ने केन्द्रित र दस-वर्षे समयसीमाबद्ध रूपरेखा प्रदान गर्दछ। दुई नेताहरूले भारत- ब्रिटेन व्यापक आर्थिक तथा व्यापार सम्झौतामा उल्लिखित अवसरहरूमा व्यापार र उद्योगका नेताहरूसँग पनि अन्तरक्रिया गर्नुहुनेछ। दुवैले क्षेत्रीय र विश्वव्यापी महत्त्वका मुद्दाहरूमा पनि छलफल गर्नुहुनेछ। दुई प्रधानमन्त्रीहरूले उद्योग विज्ञहरू, नीति निर्माताहरू र नवप्रवर्तन नेताहरूसँग पनि अन्तरक्रिया गर्नुहुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदी र प्रधानमन्त्री स्टारमरले आज मुम्बईमा हुने छैटौं ग्लोबल फिनटेन फेस्टमा पनि भाग लिनुहुनेछ। ग्लोबल फिनटेन फेस्ट २०२५ ले विश्वभरका अग्रणी नवप्रवर्तन विशेषज्ञहरू, नीति निर्माताहरू, नियामकहरू, लगानीकर्ताहरू, शिक्षाविद्हरू र उद्योगका नेताहरूलाई एकै मंचमा ल्याउनेछ। कार्यक्रमको विषयवस्तु "राम्रो संसारको लागि वित्तीय सशक्तिकरण" हो। कार्यक्रममा कसरी प्रविधि र मानव विचारले नैतिक र दिगो वित्तीय भविष्यलाई आकार दिन सक्छ भन्ने बारेमा छलफल हुनेछ।

**वाइब्रेंट गुजरात क्षेत्रीय सम्मेलन**

भाइब्रेन्ट गुजरात क्षेत्रीय शिखर सम्मेलन आजदेखि गुजरातको मेहसानामा शुरू हुँदैछ। पहिलो पटक आयोजना हुन लागेको सम्मेलनमा दुग्ध तथा खाद्य प्रशोधन, कृषि तथा कृषिमा आधारित उद्योग, अटोमोबाइल कम्पोनेन्ट, इन्जिनियरिङ, नवीकरणीय ऊर्जा, पर्यटन जस्ता क्षेत्रलाई समेटिनेछ । सम्मेलनको उद्घाटन मुख्यमन्त्री भुपेन्द्र पटेलले गर्नु हुनेछ । उद्घाटन सत्रमा रेल मन्त्री श्री अश्विनी वैष्णव उपस्थित रहनु हुनेछ। हाम्रो संवाददाताले रिपोर्ट गरेको छ कि प्रधान मन्त्री नरेन्द्र मोदीको विकासशील भारत @ 2047 को दृष्टिकोण अन्तर्गत शुरू गरिएको यस पहलको उद्देश्य भाइब्रेन्ट गुजरात ग्लोबल समिटको सफलता राज्यको हरेक क्षेत्रमा फैलाउनु हो।

(BYTE)

**बिरला-सम्मेलन**

लोकसभाका अध्यक्ष ओम बिरलाको नेतृत्वमा रहेको भारतीय संसदीय प्रतिनिधिमण्डलले बारबाडोसको ब्रिजटाउनमा 68 औँ कमनवेल्थ संसदीय सम्मेलनको उद्घाटन समारोहमा भाग लिएको थियो। यही महिनाको 5 तारिखदेखि सुरु भएको सम्मेलन अक्टोबर 12 सम्म चल्नेछ । श्री बिरलाले प्रजातान्त्रिक मूल्यहरू, समावेशी शासन र विश्वव्यापी संसदीय सहयोगको लागि भारतको प्रतिबद्धतालाई प्रकाश पार्दै "राष्ट्रमण्डल: एक वैश्विक साझेदार" विषयवस्तुमा सभालाई सम्बोधन गर्नुहुनेछ। भारत कमनवेल्थ पार्लियामेन्टरी एसोसिएशनको विभिन्न पहलहरूमा सक्रिय सहभागी रहेको छ र संसदीय सहयोग र क्षमता निर्माणको माध्यमबाट विश्वव्यापी लोकतान्त्रिक संवादलाई सुदृढ बनाउनमा निरन्तर योगदान दिइरहेको छ।

**निर्वाचन आयोग बिहार**

निर्वाचन आयोगले आगामी बिहार विधानसभा चुनावमा ज्येष्ठ नागरिक, दिव्यांगजन र सेवारत मतदाताहरूलाई डाक मतपत्र मार्फत मतदान गर्ने सुविधा प्रदान गर्नेछ। ८५ वर्षभन्दा माथिका मतदाता र मानक विकलांगता भएका मतदाताहरूले डाक मतपत्र मार्फत मतदान गर्न सक्नेछन्। निर्वाचन आयोगले त्यस्ता मतदाताहरूले फारम १२-D मार्फत यो सुविधा प्राप्त गर्न सक्ने बताएको छ, जुन निर्वाचन सूचना जारी भएको पाँच दिन भित्र बुथ स्तर अधिकारीले निर्वाचन अधिकारीलाई बुझाउन सक्नेछन्। मतदानको दिन आवश्यक सेवामा संलग्न मतदाताहरूले आफ्नो सम्बन्धित विभागको नोडल अधिकारी मार्फत यस सुविधाको लागि आवेदन दिन सक्नेछन्।निर्वाचन आयोगले अग्नि सेवा, स्वास्थ्य, बिजुली, यातायात, एम्बुलेन्स सेवा, उड्डयन र लामो दूरीको सरकारी सडक यातायात निगमहरू जस्ता आवश्यक सेवाहरू यस सुविधा अन्तर्गत पर्ने बताएको छ।

**बिहार-मतदान**

आगामी बिहार विधानसभा चुनावमा सहज र पहुँचयोग्य मतदान सुनिश्चित गर्न, निर्वाचन आयोगले तल्लो तहमा मतदान केन्द्रहरू सुधार गर्न व्यापक दिशानिर्देशहरू जारी गरेको छ। निर्देशिकाहरू अनुसार, प्रत्येक मतदान केन्द्रमा दिव्यांगजनहरु र ज्येष्ठ नागरिकहरूका लागि रैंप र पहुँचयोग्य पूर्वाधार, सुरक्षित मार्ग, साइनबोर्ड, पिउने पानी, शौचालय, पर्याप्त प्रकाश र प्रतीक्षा क्षेत्रहरू हुनुपर्छ। मतदान केन्द्रहरूमा भीडभाड कम गर्न छुट्टाछुट्टै प्रवेश र निकास गेटहरू प्रदान गरिनुपर्छ। सबै जिल्लाहरूमा स्थानीय कलाकृतिहरू र वातावरणमैत्री सामग्रीहरूले सजाइएका मोडेल मतदान केन्द्रहरू स्थापना गरिनेछ। आयोगले मतदाता संख्या बढाउने मात्र नभई मतदानको गरिमा र सुविधा बढाउने उद्देश्यले यी दिशानिर्देशहरू जारी गरेको हो।

**पश्चिम बंगाल-बाढ़**

केन्द्रीय शिक्षा तथा पूर्वोत्तर क्षेत्र विकास राज्य मन्त्री डा. सुकान्त मजुमदारले पश्चिम बङ्गालको उत्तरी भागमा आएको बाढी प्रभावित क्षेत्रमा राहत सामग्री वितरणमा अव्यवस्थाको आरोप लगाउनुभएको छ। उहाँले हिज बाढी प्रभावित क्षेत्रको निरीक्षण गर्नु भयो । डा. मजुमदारले खण्ड विकास अधिकारीले भाजपा शासित पञ्चायतका अधिकारीहरूलाई राहत सामग्री नदिइएको आरोप लगाउनु भयो ।गत 4 अनि 5 अक्टूबर मध्यरात्रि भएको वर्षाले दार्जिलिङ, जलपाइगुडी, अलिपुरद्वार र कालेबुङ जिल्लामा भारी वर्षा भएको थियो । जसका कारण धेरै ठाउँमा पहिरो जानुको साथै आरक्ष वनलगायत ठूलो भूभाग

डुबानमा परेको थियो। बाढी पहिरोबाट मृत्यु हुनेको संख्या 31 पुगेको छ।कोलकातास्थित अलिपुर मौसम विभागको कार्यालयले राज्यका दक्षिणी जिल्लाहरूमा दुईदेखि तीन दिनसम्म हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जनाएको छ। आगामी 24 घण्टामा दार्जिलिङ, जलपाईगुडी, मालदा, उत्तरी दिनाजपुर र दक्षिण दिनाजपुरमा मेघगर्जनसहित हावाहुरी सहित वर्षाको सम्भावना रहेको छ। मौसम विभागका अनुसार यस महिनाको 10 तारिखसम्म बङ्गालको खाडीको उत्तरी भागमा अर्को चक्रवात सर्कुलेशन बन्न सक्छ।

**सीबीआई - डिजिटल धोखाधड़ी**

केन्द्रीय अन्वेषण ब्यूरो (सीबीआई) ले डिजिटल अरेस्ट ठगी मुद्दाको सम्बन्धमा दिल्ली-एनसीआर, हरियाणा, राजस्थान, गुजरात, केरला र पश्चिम बंगालका लगभग ४० स्थानमा खोजी गरेको छ। सीबीआईले अपरेशन चक्र-५ अन्तर्गत खोजी गरेको थियो। अपरेशनको क्रममा, सीबीआईले मनी लान्ड्रिंग, म्यूल अकाउंटहरूको आपूर्ति र आपराधिक लेनदेनको लागि हवाला नेटवर्कमा संलग्न घरेलु नेटवर्क पत्ता लगाएको थियो। अपराधीहरू कम्बोडिया र अन्य देशहरूबाट सञ्चालन गरिरहेका थिए। सीबीआईले डिजिटल अरेस्ट ठगीका नौ फरक पीडितहरूबाट प्राप्त उजुरीहरूको आधारमा एफआईआर दर्ता गरेको बताएको छ। यसले डिजिटल गिरफ्तारी ठगी गर्ने संगठित साइबर-अपराध नेटवर्कको हिस्सा रहेका लगभग ४० व्यक्तिहरूको पहिचान गरेको छ।

**महिला विश्वकप**

आइसीसी महिला एकदिवसीय क्रिकेट विश्वकपमा आज भारतले दक्षिण अफ्रिकाको सामना गर्नेछ। म्याच दिउँसो ३ बजे विशाखापट्टनममा सुरु हुनेछ। हिजो अष्ट्रेलियाले पाकिस्तानलाई १०७ रनले पराजित गरेको थियो। अष्ट्रेलियाले दिएको २२२ रनको लक्ष्यको जवाफमा पाकिस्तानले ३७ ओभरमा ११४ रन मात्र बनाउन सक्यो। बेथ मुनीलाई प्लेयर अफ द म्याच घोषित गरियो।

**शिवराज- राष्ट्रीय सम्मेलन**

कृषि एवम् किसान कल्याण मन्त्री श्री शिवराज सिंह चौहानले नयाँ दिल्लीमा आयोजित वीभिङ इन्डिया टुगेदर राष्ट्रिय सम्मेलनमा पूर्वोत्तरका बुनकर र शिल्पकारहरूसँग कुराकानी गर्नुभयो र पूर्वोत्तर क्षेत्रको शिल्प कौशल र सांस्कृतिक विरासतको प्रशंसा गर्नुभयो। यस आयोजनले बुनकर र कारीगरहरूलाई आफ्ना अनुभवहरू, चुनौतीहरू र आकांक्षाहरू व्यक्त गर्न एक प्लेटफर्म प्रदान गर्यो। यसले ग्रामीण कारीगरहरूको समावेशी विकासद्वारा वोकल फर लोकल र आत्मनिर्भर भारतको दृष्टिकोणमा पनि जोड दियो।

****** ० ******